# CIM
## Facts Newsletter
Issue 23, Bhadra 2080

उपभोक्ता संरक्षण ऐन २०७५
३ महिनादेखि ५ वर्षसम्म कैद
दफा ३३ र दफा ४०

खाद्य ऐन २०२३
५ वर्षसम्म कैद
दफा ५

भन्सार ऐन २०६४
१ महिनादेखि ५ वर्षसम्म कैद
दफा ४० र दफा ५७

स्टान्डर्ड नाप र तौल २०२५
(पाचौं संशोधन ऐन) २०७९
३ वर्षसम्म कैद
दफा १९

मूल्य अभिवृद्धि कर ऐन २०५२
६ महिनासम्म कैद
दफा २९

राजस्व चुहावट
(अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२
१ महिनादेखि १० वर्षसम्म
दफा २३

अन्त:शुल्क ऐन २०५८
१ वर्षसम्म कैद
दफा १२ र दफा १६

बैंकिङ कसुर तथा सजाय ऐन २०६४
३ महिनादेखि ९ वर्षसम्म कैद
दफा १५

श्रम ऐन २०७४
२ वर्षसम्म कैद
दफा १६४

नेपाल गुणस्तर
(प्रमाण चिह्न) ऐन २०३७
६ महिनादेखि १ बर्षसम्म कैद
दफा १३

आयकर ऐन २०५८
१ महिनादेखि २ वर्षसम्म
दफा १२३, दफा १२४, दफा १२५


मुलुकी अपराधसंहिता २०७४
१ देखि १० वर्षसम्म कैद
दफा १०७, १०८, १०९, ११०,
१११, दफा १६१, दफा २५२,
दफा २४९, दफा २५०

कालो बजार तथा केही
सामाजिक अपराध तथा
सजाय ऐन २०३२
१ देखि ५ वर्षसम्म कैद
दफा २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३





021-515712
Sahid Marg, Biratnagar-02
cim.biratnagar@gmail.com




FOLLOW US ON

NEW ACC ITTA
UDHYOG PVT. LTD.

Contact Us At
021-515290
021-578686

# हाम्रो भनाइ

मुलुकमा औद्योगिक लगानीको वातावरण धूमिल हुँदैछ । पछिल्लो समय निजी क्षेत्रमा निराशा अझ बढ्दैछ । यसका मुख्य कारक हुन्- राज्यसंयन्त्रबाट निजी क्षेत्रउपर गरिँदै आएको व्यवहार र वर्तमान समाजले निजी क्षेत्रप्रति निर्माण गरिरहेको भाष्य । देशको आर्थिक, औद्योगिक विकास र रोजगारीका सिर्जनामा यस क्षेत्रले विगतदेखि पुर्‍याउँदै आएको योगदानलाई उपेक्षा गरिएको छ । पछिल्लो समयमा समाजिक रूपमा यस क्षेत्रलाई गरिँदै आएको चित्रणलाई सुधार गर्नु आवश्यक छ । र, राज्यले गर्ने व्यवहारमा पनि परिवर्तन ल्याउनु अनिवार्य भएको छ । त्यस्तै कानुनहरूलाई पनि समयसापेक्ष सुधार गर्दै लैजानुपर्दछ ।

उद्योग-व्यवसायसँग प्रत्यक्ष सरोकार राख्ने र कारोबारलाई नियमन वा नियन्त्रण गर्ने विभिन्न पन्ध्र वटा ऐनहरूमा कैद-सजायको व्यवस्था गरिएको छ । व्यावसायिक प्रकृतिको कसुरलाई समेत क्रिमिनल प्रकृतिको कसुरसरह व्यवहार गरिएको छ । यस्तो व्यवस्थाले उद्यमशीलता मर्ने र पुँजीपलायन हुने त्रास बढ्दै गएको छ । आफ्नो सम्पूर्ण जायजेथा लगानी गरेका उद्यमी-व्यवसायीलाई राज्यको नीतिले अभिभावकत्व प्रदान गरेर उद्यमशीलतालाई प्रोत्साहन र संरक्षण गर्नुपर्ने हो । तर त्यसविपरीत निषेध गर्ने, डरत्रास सिर्जना गर्ने तथा असुरक्षाको वातावरण बनाउने काम भइरहेको छ । यसका कारण भएको लगानी समेत विस्थापित हुँदै जाने खतरा बढेको छ । त्यसैले राज्य यसतर्फ गम्भीर हुनुपर्दछ ।

भय र त्रासयुक्त वातावरणको अन्त्य गरेर निजी क्षेत्रलाई सहज वातावरण तयार गर्ने हो भने सरकारले उजुरी गरेकै भरमा व्यवसायीलाई दोषी करार गर्नुहुँदैन । प्रमाणका आधारमा प्रत्यक्ष संलग्नता देखिए मात्रै अभियुक्तलाई अनुसन्धानका दायरामा ल्याउनुपर्छ अनि अनुसन्धान पूरा नहुन्जेल गोपनीयता अपनाउनु पर्दछ । त्यसैगरी उद्यमशीलतालाई नै निषेध गर्ने प्रावधानहरू खारेज गरिनुपर्दछ । दण्डसजायका डुब्लिकेसनलाई हटाइनुपर्दछ । क्रिमिनल र व्यावसायिक कसुर फरक हुन् भन्ने मान्यताअनुसार उद्यमशीलता प्रवर्धन गर्ने गरी आवश्यक सबै कानुनहरूको परिमार्जन गरिनुपर्दछ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०७९-८० को वार्षिक तथ्यांकमा आधारित



**१६.१ प्रतिशतले**
घटेको छ, (आयात) ।



**२१.४ प्रतिशतले**
घटेको छ, (निर्यात) ।



**७.७४ प्रतिशत**
वार्षिक औसत मुद्रास्फीति ।




**रू. २९० अर्ब ५२ करोड**
वचत, शोधनान्तर स्थिति ।



**रू. ११ अर्ब ७४ करोड**
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय ।



**१२.३ प्रतिशत**
वढेको छ, वैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ।




**३.८ प्रतिशत**
वढेको छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा ।



**रू. ५७ खर्व १० अर्व**
वैंक तथा वित्तीय संस्थाहरुमा रहेको कुल निक्षेप
(२०८० असार मसान्त सम्म)

श्रोत: नेपाल राष्ट्र बैंक

**शोधानान्तर स्थिति**
रु २९० अर्ब ५२ करोड वचत ↑

**विदेशी विनिमय सञ्चिति**
रु ११ अर्ब १४ करोड डलर १० महिनाको आयात धान्ने वचत ↑

**राजस्व संकलन**
२६५ सम्म घटेको ↑

**रेमिट्यान्स आम्दानी**
रु १२२० अर्ब ५६ करोड ↑

**कुल निक्षेप**
रु ५७ खर्ब १० अर्ब ↑

**राजस्व परिचालन**
-अधिक चालु खर्च
-न्यून पुजीगत खर्च ↑

**आयात**
रु १६११ अर्ब ७३ करोड ↓

**निजी क्षेत्रमा प्रवाह**
भएको कर्जा रु ४७ खर्ब ९७ अर्ब ↑


-चरम मन्दी
-सरकारी भुक्तानी छैन
-कर्जामाग छैन
-व्याप्त निराशा ↑

**निर्यात**
रु १५७ अरब १४ करोड ↓

## इतिहासमै सबैभन्दा धेरै पैसा भएको अवस्था २२ खर्ब रुपैया

(११ अर्ब विदेशी मुद्रा, १० खर्ब निक्षेप-कर्जा)


### अर्थतन्त्रमा चरम निराशा : कर्जाविस्तार ४२ बर्षयताकै कमजोर




Source: data.mof.gov.np & www.nrb.org.np


# विगत ५० बर्षको पुँजीगत खर्च र चालु खर्च विनियोजनको तुलना

वार्षिक बजेट






Source: data.mof.gov.np & www.nrb.org.np

## Number of Registerd and Discontinued Companies in last 5 years




## Five-year comparative statement of Suicide




The total numbers of death by sucide is 6,830 whereas total case resistration numbers of sucide is 6792.

(*Sucide rate per day)

# विद्यार्थी पलायन: डरलाग्दो परिदृश्य

विदेशमा अध्ययनका लागि एनओसी लिने विद्यार्थी सङ्ख्या र बाहिरिएको रकम



आर्थिक बर्ष ०७५ ०७६
विद्यार्थी संख्या ६३२५१
बाहिरिएको रकम
४६ अर्ब २४ करोड

आर्थिक बर्ष ०७६ ०७७
विद्यार्थी संख्या ३४०९४
बाहिरिएको रकम
२५ अर्ब ८१ करोड

आर्थिक बर्ष ०७७ ०७८
विद्यार्थी संख्या २७९७८
बाहिरिएको रकम
२४ अर्ब ९५ करोड


आर्थिक बर्ष ०७८ ०७९
विद्यार्थी संख्या ११२९६८
बाहिरिएको रकम
६७ अर्ब ७० करोड

आर्थिक बर्ष ०७९ ०८०
विद्यार्थी संख्या ११०२१७
बाहिरिएको रकम
१ खर्ब ४२ करोड

स्रोत: कान्तिपुर दैनिक, ११ भदौ २०८०

## फिडर अनुसार ट्रिपिङको अवस्था : जम्मा पटक र घण्टा

(२०८० श्रावण १ देखि ३२ गते सम्मको)




Source: data received from CIM member industries

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभागअन्तर्गतको मिति २०७९ साउन ०१ देखि २०८० असार ३१ गतेसम्मको प्रगति-विवरण

| क्र.सं. | विवरण | बर्षिक प्रगति |
|---|---|---|
| १ | उद्योग दर्ता सङ्ख्या (स्वदेशी तथा विदेशी) | ३२२ |
| २ | कुल लगानी (प्रस्तावित) | २ खर्ब १४ अर्ब |
| ३ | रोजगारी (प्रस्तावित) | २३,३२४ |
| ४ | विदेशी लगानी स्वीकृति सङ्ख्या | ३२७ |
| ५ | कुल विदेशी लगानी (प्रस्तावित) | ३३ अर्ब १४ करोड (कुल लगानी प्रस्तावित रु.३८,४०७,५६६,७०४.००) |
| ६ | रोजगारी (प्रस्तावित विदेशी लगानी परियोजनामा) | १७,०१२ |
| ७ | प्याटेन्ट दर्ता सङ्ख्या | ५ |
| ८ | डिजाइन दर्ता सङ्ख्या | १८ |
| ९ | ट्रेडमार्क दर्ता सङ्ख्या | ३२५४ |
| १० | प्रारम्भिक वातावरणीय परीक्षण (IEE) | ८२ |
| ११ | ट्रेडमार्कसम्बन्धी मुद्दा कारबाही सङ्ख्या | १५० |
| १२ | (ठुला) उद्योग दर्ता सङ्ख्या | ६६ |
| | (ठुला) उद्योग दर्ता सङ्ख्या | ७० |
| | (साना) उद्योग दर्ता सङ्ख्या | १८३ |
| १३ | निर्यात नगद अनुदानका लागि उद्योगहरूको Value Addition प्रमाणित सङ्ख्या | ४०४ |
| १४ | भारत निर्यातका लागि Certificate of Origin सिफारिस सङ्ख्या | ९८ |

स्रोत: नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग

## मोरङ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयमा चालु आवको साउन महिना दर्ता भएका उद्योगको विवरण

| उद्योगको प्रकार | साना | | | कुल | स्थिर पुँजी | चालु पुँजी (हजारमा) |
|---|---|---|---|---|---|---|
| | प्रा.फ. | सा.फ. | प्रा.लि. | | | |
| उत्पादनमूलक | १२ | ० | ३ | १५ | १०४,४८८,१०० | ४५,५०१,९०० |
| कृषि तथा वनजन्य | ३६ | ० | ० | ३६ | ४८,६७९,३९८९ | ४८,५७५,६०२ |
| सेवामूलक | ३८ | ० | ३ | ४१ | ४३,९०५,१७० | ४७,१८४,८३० |
| **जम्मा** | **८६** | **०** | **६** | **९२** | **१९७०७२६६८** | **१४१२६२३३२** |

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय, मोरङ

# सुन्ने कि थुन्ने?

## शीर्षकमा २०८० श्रावण १९ गते, उद्योग संगठनमा आयोजित विचारोत्तेजक बहस





## ...थुनामा राख्नु नपर्नेलाई पनि राखिदिएको छ-पौडेल



व्यावसायिक सम्पादनका सन्दर्भमा केही त्रुटि भेटिनेबित्तिकै उद्योगी-व्यवसायीलाई थुनिहाल्ने परिपाटीको अन्त गर्न विद्यमान कानुनमा संशोधन र नयाँ कानुनको निर्माण गर्नुपर्ने धारणा यहाँ प्रकट गरिएको छ ।

उद्योग संगठन मोरङको आयोजनामा साउन १८ मा विराटनगरमा भएको 'सुन्ने कि थुन्ने ? अर्थबहस' का वक्ताले कानुनमा संशोधन र नयाँ कानुनको निर्माणका पक्षमा आ-आफ्नो अभिमत जाहेर गर्नुभएको हो ।

नेपाली कांग्रेका सांसद् प्रदीप पौडेलले मुलुकमा सुशासन कायम हुने र व्यवसायीलाई निरूत्साहित नबनाउने अवस्था सृजना गर्न कानुनी पक्ष स्पष्ट हुनुपर्ने र सबै पक्षमा कानुनको निर्माण हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

सांसद् पौडेलले हामी सबै समाजवादको कुरा गर्छौं, सरकार बस्नेहरू सबै आफूलाई समाजवादी भन्नुहुन्छ तर उत्पादनमा वृद्धि नभई कसरी समाजवाद आउँछ भन्ने प्रश्न गर्नुभयो ।

'उत्पादनमा वृद्धि नभई समाजवाद आउँदैन र निजी क्षेत्रविना उत्पादनमा वृद्धि सम्भव छैन', पौडेलको भनाइ थियो, 'त्यसैले उत्पादनशील मुलुक बनाउन निजी क्षेत्रमैत्री कानुनको निर्माण गरिनुपर्छ । परम्परावादी समाजवादबाट समृद्धि सम्भव छैन ।'

उहाँले अनुसन्धानका क्रममा अभियोग प्रमाणित नभएसम्म कोही पनि कसुरदार मानिनेछैन भन्ने स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै कुनै व्यवसायीलाई केही अभियोग लाग्यो भने सामाजिक रूपमा ऊ खुइलिनुपर्ने अवस्था रहेको चर्चा गर्नुभयो ।

'थुनामा राख्नु नपर्नेलाई पनि राखिदिएको छ, राख्नुपर्नेलाई छाडिदिएको छ', उहाँले सुनाउनुभयो, 'हाम्रोमा अनुसन्धान गर्ने अधिकृतको तजबिजी अधिकार बढी हावी भयो । यसमा कानुन स्पष्ट छैन । त्यसैले यस प्रश्नमा के गर्ने भनेर राष्ट्रिय रूपमा बहस चलाउनु पर्छ ।'

सांसद् पौडेलले आफू उद्योगी-व्यवसायी हुँ भन्नेबित्तिकै जे पनि गर्न पाइँदैन तर कसुरै नभएकालाई राज्य, समाज, मिडिया र सामाजिक सञ्जालले आतंकित पार्न पनि पाइँदैन भन्ने जिकिर गर्नुभयो ।

## ...सरकार २५ प्रतिशतको साझेदार-लिम्बू



नेपाल कम्युनिस्ट पार्टी एमालेका सांसद् एलपी सावाँ लिम्बूले कुनै पनि उद्योगीले खोलेको उद्योगको र व्यवसायीले चलाएको व्यवस(ायको न्यूनतम २५ प्रतिशत हिस्सेदार सरकार पनि हो भनेर सरकारमा बस्नेहरूले बुझ्नुपर्ने धारणा प्रकट गर्नुभयो ।

सांसद् लिम्बूले उद्योगी-व्यवसायीले आर्जन गरेको नाफाबाट सरकारले २५ प्रतिशत आयकर लिइरहेको स्पष्ट पार्दै अन्य प्रकारबाट पनि विभिन्न शीर्षकमा राजस्व असुल गरिरहेको बताउनुभयो ।

लिम्बूको कथन थियो, 'त्यसैले सरकार हरेक उद्योग-व्यवसायको न्यूनतम २५ प्रतिशतको साझेदार हो । सरकारले उद्योगी-व्यवसायीलाई कुनै अभियोगमा कारबाही गर्दा म मेरै साझेदारलाई कारबाही गर्दैछु भन्ने सम्झनु पर्छ ।'

उहाँले सिंगो नेपालको अर्थतन्त्र ५३ खर्ब ८१ अर्बको रहेको र यसमा निजी क्षेत्रको योगदान ८१ दशमलव ५ प्रतिशतले ४३ खर्ब ८८ अर्बको भएको तथ्यांक प्रस्तुत गर्नुभयो ।

'तर यहाँ अपराध नभएकालाई पनि अपराधी बनाउने व्यवसाय भइरहेको छ', लिम्बूको कथन थियो, 'मिडिया र सामाजिक सञ्जालले राम्रै उद्योगीलाई पनि केही लेखिदियो भने तपाईंका कुरा सुनिदिने कोही नेता भेट्नुहुन्न । अनि तपाईं नेपालमै बस्ने कि नबस्ने भन्ने अवस्थामा पुग्नुपर्छ । त्यसैले भर्चुअल दुनियाँको गलत उपयोग र प्रचारका विरूद्ध हामी सबै लाग्नुपर्ने बेला आएको छ ।'

उहाँले औद्योगिक-व्यावसायिक क्षेत्रसित मुलुकको रोजगारी र राजस्व जोडिएको चर्चा गर्दै नाफा कमाउनु अपराध नभएको कुरामा जोड दिनुभयो ।

## ...अझै राणाकालीन कानुन-सापकोटा



नेकपा माओवादी केन्द्रका सांसद् माधव सापकोटाले अहिलेको संघीय लोकतान्त्रिक व्यवस्थाले परिकल्पना गरेका कानुनको निर्माण अझै हुन नसकेको र अझै राणाकालीन कानुन विद्यमान रहेको बताउनुभयो ।

सांसद् सापकोटाले राजनीतिक परिवर्तनको आन्दोलन सकिएर आर्थिक परिवर्तनका बाटोमा लाग्नुपर्ने विषयलाई सबै राजनीतिक दलले अंगीकार गर्नुपर्ने आग्रह गर्नुभयो ।

सापकोटाले निजी क्षेत्र सशक्त नभएसम्म मुलुकमा आर्थिक परिवर्तन र विकास सम्भव नहुने विचार व्यक्त गर्नुभयो ।

उहाँले कानुन कार्यान्वयन गर्ने अधिकारीले विवेक नपुऱ्याए भने मुलुक ठुलो क्षतिमा डुब्नसक्ने चेतावनी दिनुभयो ।

## ...यो कस्तो कानुनी राज्य हो ?-झा



राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद् मनीष झाले ललितानिवास काण्डमा अभियोग लागेका राजनीतिक व्यक्तिहरू राज्यको संरक्षणमा रहने अनि व्यवसायीहरू थुनिनुपर्ने, यो कस्तो कानुनी राज्य हो भन्ने प्रश्न गर्नुभयो ।

सांसद् झाले कानुनी दृष्टिमा सबै जनता बराबर हुनुपर्ने र कानुनको अभ्यास सन्तुलित हुनुपर्ने आग्रह गर्नुभयो ।

'एउटा साइकलले सडकमा ट्राफिक नियम उल्लंघन गऱ्यो भने खासै केही फरक नपर्न सक्छ', झाको कथन थियो, 'तर एउटा ट्रकले गऱ्यो भने सडक नै जाम हुन्छ । आवतजावत नै बन्द हुन्छ ।

राजनीतिक व्यक्तिले गल्ती गर्नु भनेको ट्रकले सडकमा गल्ती गरेजस्तै हो । तर यहाँ दलका संयन्त्र र दलका छायाले कानुन मिचिरहेका छन् ।'

उहाँले राणाकालमा आर्थिक विकासको अवधारणा नभएको र राणाशासकले व्यवसाय गर्नेलाई संरक्षण नगरेको प्रसंग निकाल्दै आज पनि सिंहदरबारमा राणाकालीन व्यवहारका अंश रहेको टिप्पणी गर्नुभयो ।

## ...थुना नियम होइन अपवाद हो-थापा



अधिवक्ता महेश थापाले दोषी प्रमाणित हुनुअगावै थुनिहाल्नु आवश्यक नहुने जिकिर गर्नुभयो ।

अधिवक्ता थापाको तर्क थियो, 'अनुसन्धानकर्ताले अभियुक्तलाई नथुनी अनुसन्धान गर्नसक्छ । कानुनी अवधारणामा थुन्नु भनेको नियम होइन अपवाद हो । व्यक्तिले अनुसन्धानलाई सहयोग गर्छ भने समात्नु र थुन्नुपर्दैन । अभियुक्त तत्काल भागिहाल्ने अवस्था छ भने मात्र थुन्ने हो ।'

थापाले कतिपय व्यवसायीहरू म बाहिरै बसेर अनुसन्धानलाई सहयोग गर्छु भनिरहेका अवस्थामा सरकारले तिनलाई थुनेर कार्बाही अघि बढाउनु नाजायज भएको राय व्यक्त गर्नुभयो ।

उहाँले नेपालको कानुन नै दोषी भएको र कानुनको कार्यान्वयन गर्ने अधिकारीहरू अझ दोषी भएको आरोप लगाउनुभयो ।

उहाँको भनाइ छ, 'कानुन भनेको कालो अक्षर मात्रै हो । त्यसलाई कसरी कार्यान्वयन गरिन्छ त्यो मुख्य पक्ष हो । व्यक्ति( लाई जेल हाल्दैमा राज्यलाई फाइदा हुने होइन । बन्दीउपर राज्यले गर्ने खर्च ठुलो छ ।'

## ...लगानीकर्तामा त्रास-सुराना



उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले कसैले उजुरी गरेकै भरमा व्यवसायीलाई दोषी करार गरिँदा लगानीकर्तामा त्रास सृजना भएको गुनासो गर्नुभयो ।

अध्यक्ष सुरानाले व्यवसायीका बारेमा अनावश्यक मिडियाबाजी तथा सामाजिक सञ्जालबाट नकारात्मक तवरले प्रचारप्रसार हुँदा सामाजिक प्रतिष्ठा र मानमर्यादामा गम्भीर आँच आएको बताउनुभयो ।

उहाँले यसबाट नयाँ लगानी आउनुका सट्टा भइरहेको लगानी पनि पलायन हुने अवस्था सृजना भएको दाबी गनुभयो ।

सुरानाले भन्नुभयो, 'नयाँ युवालाई उद्यमशीलतामा आकर्षित गर्न नीतिनियमहरू प्रवर्धनात्मक हुनुपर्नेमा हिरासतमा लिने र थुन्नेजस्ता निषेधात्मक कानुनले उनीहरूलाई हतोत्साही बनाइरहेको छ ।'

## ...खोइ हाम्रो प्रतिष्ठा र सम्मान ?-रिजाल



मोरङ व्यापार संघका अध्यक्ष नवीन रिजालले राज्य बिहान १० बजे खुल्दा निजी क्षेत्र ५ बजे नै खुलिसकेको हुन्छ र राज्य साँझ ५ बजे बन्द हुँदा पनि निजी क्षेत्र चलिरहेको हुन्छ भन्नुभयो ।

अध्यक्ष रिजालको कथन थियो, 'हामी पैसा कमाउन र दालरोटी चलाउन मात्र व्यवसाय गरिरहेका छैनौं, इज्जतप्रतिष्ठा र आत्मसन्तुष्टिका लागि मेहनत गरिरहेका छौं । हामी ३-४ पुस्तादेखि राजस्व तिरेर आत्मसम्मानका लागि व्यवसाय गरिरहेका छौं ।'

रिजालले थप्नुभयो, 'तर खोइ हाम्रो प्रतिष्ठा र सम्मान ? एउटा सानो अभियोग लाग्नेबित्तिकै थुनिनुपर्ने र बेइज्जतको सिकार हुनुपर्ने ?'

# उद्योग-व्यवसायका क्षेत्रमा कैद सजायसम्बन्धी प्रावधान भएका विद्यमान ऐनहरू

| ऐनका नाम | कसुर | दण्ड-सजायका प्रावधान |
|---|---|---|
| उपभोक्ता संरक्षण ऐन-२०७५ | **दफा ३३ :** १) कुनै ठाउँमा असुरक्षित, प्रतिकूल, असरयुक्त वा गुणस्तरहीन वस्तुको उत्पादन वा बिक्री-वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम-कारबाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा | निरीक्षण-अधिकृतले त्यस्ता ठाउँमा आवश्यता अनुसार जुनसुकै बखत प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न, त्यस्तो काम गर्ने व्यक्तिलाई पक्राउ गर्न र मुद्दा हेर्ने अधिकारीका अनुमतिले अनुसन्धानका लागि सात दिनसम्म थुनामा राख्नसक्नेछ। |
| | दफा ३३ उपदफा को ८. निरीक्षण-अधिकृतले निरीक्षण वा जाँचबुझका सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा | आदेश दिन वा उपयुक्त सम्झेको अन्य कार्य गर्नसक्नेछ। |
| | दफा ४० उपदफा १ को खण्ड क.<br>दफा ३८ को खण्ड क र ख बमोजिमको कसुर गरे वा गराएमा (दफा ३८ क. दफा ६ बमोजिम लेबलिङ नगरेमा वा लेबलमा झुठा कुरा उल्लेख गरेमा, (दफा ३८ ख. दफा ७, ८, ९, १०, ११ वा १२ बमोजिम क्रमशः उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, विक्रेता, वा सेवाप्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लङ्घन हुने कार्य गरेमा) | ३ देखि ६ महिनासम्म कैद वा ५० हजार जरिबाना वा दुब |
| | दफा ४० उपदफा १ को खण्ड ख.<br>दफा ३८ को खण्ड झ-बमोजिमको कसुर गरेमा<br>दफा ३८ को झ. दफा १८-का विपरीत हुने गरी गरेमा<br>दफा १८. वस्तु तथा सेवाका सम्बन्धमा गर्न नहुने अन्य कार्य : क) जानीजानी कमसल वस्तुको उत्पादन, बिक्री वा पैठारी गर्न, ख) कुनै वस्तु वा सेवालाई अर्को वस्तु वा सेवा हो भनी वा न्यून स्तरको वस्तु वा सेवालाई उच्च स्तरको वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न, ग) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्न, घ) एकै प्रकृतिका विभिन्न वस्तुको उत्पादन, पैठारी वा बिक्री गर्न, व्यापारी वा व्यापारिक समूहहरू मिली त्यस्तो वस्तुको अभाव सृजना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्न, ङ) एकै प्रकृतिका कुनै सेवा प्रदान गर्ने एकभन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र-प्रणाली, कोटा-प्रणाली, आलोपालो, खेप-प्रणाली वा टोकन-प्रणाली अपनाई सेवा सञ्चालन गर्न, च) एउटा वस्तु खरिद गर्दा अर्को वस्तु पनि खरिद गर्नुपर्ने व्यवस्था गर्न | ३ देखि १२ महिनासम्म कैद वा १ लाख देखि ३ लाखसम्म जरिबाना वा दुब |

| | | |
|---|---|---|
| | **दफा ४०** उपदफा १ को खण्ड ग.<br>दफा ३८ को खण्ड ञ र ठ-बमोजिमको कसुर गरेमा दफा ३८ को ञ. दफा १९ को उपदफा ३-विपरीत नेपाल सरकारले तोकेको मूल्यभन्दा बढी हुने गरी बिक्री गरे वा गराएमा दफा ३८ को ठ. दफा २१ को उपदफा १-बमोजिम निर्धारित मापदण्डविपरीत वस्तु वा सेवाको बिक्री-वितरण गरेमा | ३ देखि ६ महिनासम्म कैद वा ५० हजार देखि १ लाखसम्म जरिबाना वा दुब |
| | **दफा ४०** उपदफा २ को खण्ड क.<br>दफा ३८ को खण्ड ख-बमोजिमको कसुर गर्ने गराउनेदफा ३८ ख. दफा ७, ८, ९, १०, ११ वा १२- बमोजिम क्रमशः उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, वा सेवाप्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लङ्घन हुने कार्य गरेमा | २ देखि ३ वर्ष कैद वा ३ देखि ५ लाखसम्म जरिबाना वा दुबै |
| | **दफा ४०** उपदफा २ को खण्ड ख. दफा ३८ को खण्ड च-बमोजिमको कसुर गर्ने-गराउने दफा १६ को उपदफा (२)को खण्ड क, छ, वा ठ-बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरेमा | २ देखि ५ वर्ष कैद वा ४ देखि ६ लाखसम्म जरिबाना वा दुबै |
| | **दफा ४०** उपदफा २ को खण्ड ग.<br>दफा ३८ को खण्ड छ-बमोजिमको कसुर गर्ने- गराउने दफा १७ को उपदफा १ वा उपदफा २ को खण्ड क-बमोजिमको माग: आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम गरेमा वा गराएमा | २ देखि ३ वर्ष कैद वा ३ देखि ५ लाखसम्म जरिबाना वा दुबै |
| अन्त:शुल्क ऐन-२०५८ | **दफा १२** : खानतलासी, कब्जा वा गिरफ्तार गर्नसक्ने : उपदफा २ : उपदफा १-बमोजिम खानतलासी लिँदा यस ऐनविपरीत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, बिक्री, पैठारी, सञ्चय वा ओसारपसार गर्ने कार्य वा अन्तःशुल्क लाग्ने सेवाको उत्पादन गरी व्यवसाय सञ्चालन गर्ने गरेको पाइएमा त्यस्तो काममा सरिक भएको व्यक्तिलाई खानतलासी लिने अधिकृत वा कर्मचारीले पुर्जी दिई गिरफ्तार गरी त्यहाँ प्राप्त वस्तुको मुचुल्का खडा गरी कब्जामा लिनु पर्नेछ ।<br>**दफा १२** को उपदफा ३ को खण्ड ङ. कसुर गरेको भनी शङ्का लागेका व्यक्तिलाई गिरफ्तार गर्न ।<br>**दफा १६** उपदफा १. देहाय बमोजिम कसुर गरेमा<br>क) यस ऐनबमोजिम तिर्नुपर्ने अन्तःशुल्क दबाएमा छिपाएमा वा छलेमा<br>ख) दफा ८ को उल्लङ्घन गरेमा<br>ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐनविपरीत कुनै कसुर गरेमा<br>उपदफा (२) खण्ड क, ख, र ग-मा उल्लिखित कसुर गर्न प्रयत्न वा दुरुत्साहन गरेमा आधा सजाय हुनेछ । | बिगो जफत, बिगोबमोजिम जरिबाना वा १ वर्षसम्म कैद वा दुबै |
| खाद्य ऐन-२०२३ | **दफा ५** को उपदफा १, दफा ३ वा दफा ४- विपरीत कार्य गर्ने व्यक्तिलाई- दफा ३ : दूषित खाद्य पदार्थ वा न्यून स्तरका खाद्य पदार्थको उत्पादन तथा बिक्रीवितरण गर्न मनाही: | |

| | | |
|---|---|---|
| | कुनै व्यक्तिले दूषित खाद्य पदार्थ वा न्यून स्तरको खाद्य पदार्थको उत्पादन, बिक्री, वितरण, निकासी वा पैठारी गर्न वा सोमध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्न हुँदैन । दफा ४: झुक्यानमा पारी खाद्य पदार्थ बिक्रीवितरण गर्न नहुने: कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा अखाद्य पदार्थ वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न हुँदैन । | ५ वर्षसम्म कैद वा ५० हजारसम्म जरिबा( ना वा दुबै |
| बैंकिङ कसुर तथा सजाय ऐन-२०६४ | **दफा १५** को उपदफा १. कसैले दफा ३- बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिबाना र ३ महिनासम्म कैद । दफा ३) अनधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्ननहुने-<br>क) नक्कली कागजात पेश गरी खाता खोल्न वा त्यस्तो कागजात पेश गरी खाता खोल्न लागेको छ भन्ने जानीजानी खाता खोलिदिन वा त्यस्तो खातामा रकम जम्मा गर्न, गराउन, वा त्यस्तो खाताबाट रकम निकाल्न वा सो कार्यमा सहयोग गर्न वा त्यसरी खाता खोली विद्युतीय कार्ड वा उपकरणको प्रयोग गरी रकम निकाल्न<br>ख) कानुनबमोजिम बाहेक काल्पनिक वा अन्य व्यक्ति वा संस्थाको नाममा खाता खोल्न  वा खाता खोलिदिन<br>ग) आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन | बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिबाना र ३ महिनासम्म कैद |
| | **दफा १५** को उपदफा २. कसैले दफा ५, ६, दफा ७ को खण्ड घ, घ-१, घ-२, ङ, च छ, ज, झ, र ञ, दफा ८, ९, १०, १२ वा दफा १४-बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कसुरसँग सम्बन्धित विषयमा बिगोको मात्राअनुसार | २ देखि १२ वर्षसम्म कैद |
| | **दफा १५** को उपदफा ३. खण्ड क. दफा ७ को खण्ड क, ख, ग वा दफा १३-बमोजिमको कसुर गरेमा बिगो भराई बिगोबमोजिम जरिबाना र ४ वर्षसम्म कैदबमोजिम खण्ड ख. दफा १२-क, १४-क, वा १४-ख बमोजिमको कसुर गरेमा त्यस्तो कसुरसँग सम्बन्धित देहाय बमोजिमको बिगो भएमा कसुरको मात्राअनुसार देहायको कैद र जरिबाना हुनेछ। | ९ वर्षसम्म कैद र १० लाखसम्म जरिबाना |
| भन्सार ऐन-२०६४ | **दफा ४० :** उपदफा ४. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा भाग्ने, उम्कने वा निजले दसी- प्रमाण वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको फेला परेमा वा कसुर गरिरहेका अवस्थामा फेला परेमा भन्सार अधिकृत वा निजबाट अधिकारप्राप्त भन्सार कार्यालयका कर्मचारीले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँबाट पक्राउ गर्नसक्ने<br>**दफा ५७** को उपदफा १. कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्रै निकासी वा पैठारी गर्न पाउने गरी दफा ३-बमोजिम बाटो तोकिएकोमा सो बाटोबाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी देहाय बमोजिम कैदसजाय र जरिबाना गर्नसक्ने | २ लाखदेखि १० लाखसम्मका बिगोमा १ महिना कैद ।<br>५ करोडभन्दा बढीका बिगोमा ५ वर्षसम्म कैद |

| | | |
|---|---|---|
| मूल्य अभिवृद्धि कर ऐन-२०५२ | **दफा २९** को उपदफा २ खण्ड क. कुनै व्यक्तिले देहाय बमोजिम कुनै कसुर गरेमा देहायको जरिबाना गरिनेछः<br>क) झुट्टा लेखा वा बिजक वा अन्य कागजात तयार गरेमा<br>ख) जालसाजी गरेमा वा कर छली गरेमा<br>ग) दर्ता नभएका व्यक्तिले दर्ता भएको व्यक्तिसरह गरेमा,<br>घ) दफा ३० को उल्लङ्घन गरी कारोबार गरेमा, | कर बिगोको शत प्रतिशत रकम जरिबाना वा ६ महिना कैद वा दुबै |
| आयकर ऐन-२०५८ | **दफा १२३** : कर दाखिला नगर्नेलाई हुने सजाय : मनासिब माफिकको कारणबिना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाइ | ५ हजारदेखि ३० हजार जरिबाना वा १ महिनादेखि ३ महिना कैद वा दुबै |
| | **दफा १२४** : झुटा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजाय | ४० हजारदेखि १ लाख ६० हजारसम्म जरिबाना वा ६ महिनादेखि २ वर्षसम्म कैद वा दुबै |
| | **दफा १२५** : करप्रशासनमा वाधाविरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजाय | ५ देखि २० हजारसम्म वा ३ देखि ६ महिनासम्म कैद वा दुबै |
| राजस्वचुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन-२०५२ | **दफा २३** उपदफा १. राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शत प्रतिशत जरिबाना तथा कसुरको मात्राअनुसार | १ महिनादेखि १० वर्षसम्म कैद |
| मुलुकी अपराधसंहिता २०७४ | **दफा १०७.** खाद्य पदार्थमा मिसावट | ५ वर्ष कैद र ५० हजार जरिबाना |
| | **दफा १०८.** झुक्यानमा पारी खाद्य पदार्थ विक्रीवितरण गर्न नहुने | ५ वर्ष कैद वा ५० हजार जरिबाना वा दुबै |
| | **दफा १०९.** झुक्यानमा पारी कुनै वस्तु विक्रीवितरण गर्न नहुने | ३ वर्ष कैद वा ३० हजार जरिबाना |
| | **दफा ११०.** विक्री गर्न योग्य वस्तु विक्री नगरी जम्माखोरी गर्न नहुन | ५ वर्ष कैद र ५० हजार जरिबाना |
| | **दफा १११.** वातावरण प्रदूषित गर्न नहुने | १ देखि ५ वर्ष कैद वा १० देखि ५० हजारसम्म जरिबाना |
| | **दफा १६१.** भेदभाव गरी वस्तु वा सेवा खरिदविक्री वा वितरण गर्न नहुने | १ वर्ष कैद वा १० हजार जरिबाना वा दुबै |
| | **दफा २५२.** आपराधिक विश्वासघात गर्न नहुने | ५ वर्ष कैद र ५० हजार जरिबाना |
| | **दफा २४९** को उपदफा ३ को खण्ड ग. ठगीसम्बन्धी | ७ वर्ष कैद र ७० हजार जरिबाना |
| | **दफा २५०** को उपदफा १ र २. ठेक्का वा करारका काममा फरक गर्न नहुने | १० वर्ष कैद र १ लाख जरिबाना |
| कालो बजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन-२०३२ | **दफा २** को खण्ड क. नेपाल सरकारले मोलनिर्धारण गरेकोमा सो मोलमा र नेपाल सरकारले मोल निर्धारण नगरेकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको उत्पादक, आयात, वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै मालवस्तु विक्री गरेमा । प्रस्टीकरण : मोलनिर्धारण गर्दा ध्यान दिनुपर्ने<br>विषयहरू-<br>वस्तुको मोल<br>भाडाभरोट<br>• भन्सार महसुल<br>• मालवस्तु आयात वा उत्पादन गर्दा लाग्ने प्रचलित कानुनले<br>• मान्यता हुने किसिमका करदस्तुर र मुनासिबमाफिकका सबै<br>• किसिमका खर्च<br>• प्रतिष्ठान-खर्च,<br>• डिलर, रिटेलर वा एजेन्टको मनासिब कमिसन र<br>• उत्पादक वा आयातकर्ताको मुनासिब नाफा | १ वर्षसम्म कैद र १० लाखसम्म जरिबाना |

| | | |
|---|---|---|
| | **दफा २** को खण्ड ख. निर्धारित मोलमा खुला बजारमा सजिलैसँग चाहिँदो मात्रमा उपलब्ध नहुने खण्ड क-बमोजिमको कुनै मालवस्तु कसैले निजी उपभोगका लागि भनी आदेश वा कुपन गराई वा नगराई लिएकोमा त्यस्तो मालवस्तु वा आदेश कुपन नै बढी मोल कमिसन लिई वा नलिई विक्री गरेमा वा अरू तबरले दिएमा त्यस्तो मालवस्तु वा आदेश कुपनबापत लिएको मोल कमिसन फिर्ता गराई सो मालवस्तु जफत र आदेश कुपन बदर गरी निजलाई | १ वर्ष कैद वा २ लाख ५० हजार जरिबाना वा दुबै |
| | **दफा ३** को उपदफा १. सयकडा २० भन्दा बढी नाफा लिएका अवस्थामा | १ वर्षसम्म कैद वा २ लाख ५० हजार जरिबाना वा दुबै |
| | **दफा ३** को उपदफा ३. मूल्यसूची नटाँसेका अवस्थामा | १ वर्षसम्म कैद वा जरिबाना वा दुबै |
| | **दफा ५** : जम्माखोरी तथा कृत्रिम अभाव | १ वर्षसम्म कैद वा २ लाख ५० हजार जरिबाना वा दुबै |
| | **दफा ५** : जम्माखोरी तथा कृत्रिम अभावः अति आवश्यक वस्तु भनी राजपत्रमा तोकिएको वस्तुका हकमा | १ वर्षसम्म कैद वा १० लाखसम्म जरिबाना वा दुबै |
| | **दफा ६** : झुक्याई विक्रीवितरण | १ वर्षसम्म कैद वा १० लाखसम्म जरिबाना वा दुबै |
| | **दफा ७** : औषधिमा मिसावट र मिसावट भएको औषधिको विक्र | ५ वर्षदेखि जन्मकैदसम्म |
| | **दफा ११** : झुटा सुराक वा उजुरबापत सजाय | ३ महिना कैद वा ५ हजार जरिबाना वा दुब |
| | **दफा १३** : पक्राउ गर्ने र खानतलासी गर्ने अधिकार यस ऐनअन्तर्गत सजाय हुने मनासिब उजुर परेका अवस्थामा | प्रमुख जिल्ला अधिकारी वा तोकेको अधिकारी |
| नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन-२०३७ | **दफा १३** को उपदफा १. दफा ८ को बर्खिलाफ गरेमा प्रमाणचिह्नको अनुचित प्रयोगमा प्रतिबन्ध | ३ हजार जरिबाना वा ६ महिना कैद वा दुबै |
| | **दफा १३** को उपदफा २. दफा ९ को बर्खिलाफ गरेमा परिषद् वा कार्यालयसँग मिल्दोजुल्दो नामको प्रयोगमा प्रतिबन्ध । | १५ सयसम्म जरिबाना वा ३ महिना कैद वा दुबै |
| | **दफा १३** को उपदफा ३. दफा १० मा तोकेबमोजिम नभएमा । दफा १०. जनस्वास्थ्य र जनसुरक्षासम्बन्धी पदार्थको गुणस्तर तोक्न सकिने | ५ हजारसम्म जरिबाना वा १ वर्ष कैद वा दुबै |
| | **दफा १३** को उपदफा ४. दफा ११ मा तोकेबमोजिम भन्दा विपरीत निकासी-पैठारी गरेमा वा दुरुत्साहन गरेमा | ३ हजारसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुबै |
| स्टान्डर्ड नाप र तौल-२०२५ (पाचौं संशोधन ऐन)- २०७९ | **दफा १९** : मूल ऐन दफा ३० को उपदफा २. नाप्ने वा तौलने यन्त्र घटी वा बढी बनाएमा | ३ वर्ष कैद वा ३ देखि ५ लाखसम्म जरिबाना वा दुबै |
| श्रम ऐन-२०७४ | दफा १६४ उपदफा २. व्यवसायजन्य स्वास्थ्यसम्बन्धी प्रावधान जानाजान वा लापरबाही गरी उल्लङ्घन गरी कसैको ज्यान गएमा, अङ्गभङ्ग भएमा वा मानसिक स्वास्थ्यमा प्रतिकूल असर परेमा | २ वर्षसम्म कैद र मर्का परेका व्यक्तिलाई उचित क्षतिपूर्ति भराउन |

# अटोमेशन तालिमको आयोजना

उद्योग संगठन मोरङको आयोजना तथा हेल्भेटास, इन्स्योर परियोजनाको सहयोगमा संगठनमा मिति २०८० श्रावण २१ गते देखि प्रारम्भ भएको पच्चिस दिने ईण्डष्ट्रियल अटोमेशन तालिम भाद्र १३ गते सम्पन्न भएको छ ।



स्कील अपग्रेडिङ तालिम अन्तर्गत यस क्षेत्रका विभिन्न उद्योग प्रतिष्ठानका एक्काईस जना प्राविधिकहरु सहभागि भएको अटोमेशन तालिममा म्ष्नष्तबर्ा ७ भ्भिअतचयलष्अक, एचयअभकक ऋयलतचर्या, च्भबिथ ऋययचमष्लबतयच, ऐीऋ, ँम्, क्भलकयच, क्भचखय क्थकतभ्रु सम्वन्धी विषयका समेटिएको थियो ।

सैद्धान्तिक र प्रयोगात्मक गरी दुई चरणमा विभाजन गरी संचालन गरिएको तालिममा सहभागिहरुलाई उद्योगको प्रत्यक्ष भ्रमण गरी उपकरण प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी, अधिकतम प्रयोग, गुणस्तरीय उत्पादनका सम्वन्धमा जानकारी दिईएको थियो ।

# व्यवसायजन्य स्वास्थ्य सुरक्षाको सर्वेक्षण प्रतिवेदनमा छलफल

उद्योग संगठन मोरङले सदस्य उद्योग-प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्यसुरक्षाको अवस्था र गर्नुपर्ने सुधारका विषयमा सर्वेक्षण सम्पन्न गरेको छ । संगठनले यस सर्वेक्षणको प्रतिवेदनलाई सार्वजनिक गरी छलफल समेत गरेको छ । सर्वेक्षण उद्योगप्रतिष्ठानका लागि तय गरिएको व्यवसायजन्य स्वास्थ्यसुरक्षाको मापदण्डलाई आधार बनाएर गरिएको हो ।

प्रतिवेदनमा व्यवसायजन्य स्वास्थ्यसुरक्षा, उत्पादकत्व अभिवृद्धि, दुर्घटना न्यूनीकरण र मानिसको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयका साथै सुधारका विषयहरू समेटिएका छन् । त्यसैगरी व्यवसायजन्य स्वास्थ्यसुरक्षाका लागि सुधार गर्नुपर्ने पक्ष, व्यवस्थापकीय तह र श्रमिक तहमा भएको चेतनास्तर तथा स्वस्थ कार्यस्थल निर्माणसंस्कृतिको विकासका लागि उद्योग- प्रतिष्ठानहरूले अपनाउनु पर्ने सुरक्षायोजनाका विषय पनि प्रतिवेदनमा उल्लिखित छन् । संगठनले इन्स्योर परियोजनाको सहकार्यमा गरेको सर्वेक्षणमा आधारित रहेर निकट भविष्यमा नै उद्योग संगठनका सदस्य उद्योग-प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्यसुरक्षा अडिट गर्ने योजना छ ।



# दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE II) अन्तर्गत कोशी प्रदेशमा

## औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा नि:शुल्क प्रशिक्षणका लागि सुवर्ण अवसर !!!

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, तालिम विकास महाशाखाको समन्वयमा शैक्षिक शत्र २०८०/०८१ मा नि:शुल्क सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा देहाय बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न सर्तहरूको अधीनमा रही प्रवेश परीक्षा लिई भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम संचालन अनुमति प्राप्त देहायका आंगिक, साझेदार तथा TECS सामुदायिक विद्यालयहरूमा प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन फाराम भर्न भराउन् हुन सम्बन्धित शिक्षालय एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

### १. शैक्षिक सत्र २०८०/०८१ का लागि स्वीकृत कार्यक्रम:

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा संचालन गरिने औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship)कार्यक्रम अन्तर्गतका शिक्षालय, कार्यक्रम र स्वीकृत कोटा सम्बन्धी विवरण तपसिल अनुसार दिईएको छ ।

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | सम्पर्क नं. | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा/संख्या |
|---|---|---|---|---|
| १ | मनमोहन स्मृति पोलिटेक्निक ईन्स्टिच्यूट, बुढीगंगा गा.पा., मोरङ्ग | सुदिप अधिकारी ९८५२०८६५९८<br>अभि चन्द्र नेपाल ९८४२६३०९३१ | Pre-diploma in Mechanical Engineering | २० |
| | | | Pre-diploma in Automobile Engineering | २० |
| | | | Pre-diploma in Electrical Engineering | २० |
| | | | Pre-diploma in Information Technology | २० |
| २ | कन्काई पोलिटेक्निक ईन्स्टिच्यूट, कन्काई न.पा., झापा | खगेन्द्र मिश्र ०२३-४०१०१७<br>९८५२६३०११३ | Pre-diploma in Information Technology | ३० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| ३ | शैलजा आचार्य मेमोरियल पोलिटेक्निक, जहदा गा.पा., मोरङ्ग | सन्त बहादुर अधिकारी ९८५२०२२२०९<br>सुर्य नारायण उराऊ ९८४२५३२४३८ | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| | | | Pre-diploma in Information Technology | ३० |
| ४ | महानगर पोलिटेक्निक ईन्स्टिच्यूट, विराटनगर म.न.पा., मोरङ्ग | परिवेश पराजुली ९८४२२२९७५४<br>सरोज यादब ९८१४७२००२७ | Pre-diploma in Electrical Engineering | ३० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| ५ | शहिद स्मृति प्रतिष्ठान पोलिटेक्निक, विर्तामोड न.पा., झापा | इस्विन अधिकारी ९८५२६८८२५४ | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| ६ | गणेशमानसिंह प्रतिष्ठान पोलिटेक्निक, शिवसताक्षी न.पा., झापा | बिबेक ढकाल ९८०१५५९०८२ | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ७ | पुष्पधिरेन्द्र स्मृति प्रतिष्ठान, दमक न. पा., झापा | तिर्थराज बस्नेत ९८५२६५०५५५<br>यम राई ९८५२६७६६१२ | Pre-diploma in Information Technology | ३० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction | ३० |
| ८ | नर बहादुर कर्माचार्य बहुप्राविधिक शिक्षालय, इटहरी उ.म.न.पा., सुनसरी | निर्मल बराल ९८५२०२९२५८<br>आयुष्मा बराल ९८०८८२२६१२ | Pre-diploma in Hotel Management | ४० |
| ९ | आदर्श माध्यामिक विद्यालय, विराटनगर म.न.पा., मोरङ्ग | सन्तोष पोखरेल ९८५२०३२२६४<br>आभास बुढाथोकी ९८४२३६०७३६ | Pre-diploma in Information Technology | ३० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF | ३० |

| | | | | |
|---|---|---|---|---|
| १० | मोहनमाया माध्यामिक विद्यालय, विर्तामोड | शेरबहादुर श्रेष्ठ ०२३-५४३६५४ ९८४२७१४३५५ | Pre-diploma in Civil Engineering (Building Construction | ३० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| ११ | श्री दुर्गा माध्यामिक विद्यालय, उर्लाबारी | सुमन अधिकारी ९८५२०४२२८८ | Pre-diploma in Civil Engineering (Building Construction | २० |
| १२ | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, साखेजुंग न.पा., इलाम | रोशेस राई ९८४९९०८७५१ | Pre-diploma in Tea Technology | ४० |
| १३ | नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, दमक | जय प्रसाद भट्टराई ९८४२६२५३८१ | Pre-diploma in Hotel Management | ३० |
| | | | जम्मा कोटा/संख्या | ६२० |

## २. आवश्यक शैक्षिक योग्यता:

क. अक्षराङ्कन पद्दति लागू हुनुपूर्वका प्रवेशिका परीक्षाको हकमा: एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण ।
ख. अक्षराङ्कन पद्धति लागू भए पश्चात एस.ई.ई. परीक्षामा न्यूनतम ई ग्रेड प्राप्त ।

## ३. प्रशिक्षार्थी छनौट आधार:

यस कार्यक्रमका लागि प्रशिक्षार्थी छनौटको आधार निम्न बमोजिम रहेको छ:

क. योग्य र इच्छुक आवेदकहरू आवेदन फाराम मूल्याङ्कन- २० अंक,
ख. उद्योग/ व्यवसायको सिफारिसपत्र- २० अंक,
ग. लिखित प्रवेश परीक्षा- ३० अंक र
घ. अन्तर्वार्ता- ३० अंक

## ४. आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू:

क. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो,
ख. SLCSEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ग. नेपाल बाहेक अन्य मुलुकबाट SLCSEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

## ५. छनौट समय तालिका:

क. आवेदन फाराम वितरण गर्ने मिति: २०८० भदौ ४ गते देखि ।
ख.आवेदन फाराम पाउने र बुझाउने स्थान: सम्बन्धित शिक्षालयहरू वा परिषद्को वेभसाइट www.ctevtexam.org.np वा https://www.enssure.org.np/ बाट डाउनलोड गरी फाराम नि:शुल्क भर्न सकिने छ,
ग. आवेदन फाराम बुझाउने अन्तिम मिति: २०८० भदौ २१ गतेसम्म ।
घ. लिखित प्रवेश परीक्षा हुने मिति र समय: २०८० भदौ २घ गते, शनिबार, बिहान ११:०० बजे
ङ. लिखित प्रवेश परीक्षा संचालन हुने स्थान: सम्बन्धित शिक्षालयहरू
च. अन्तरवार्ता हुने मिति र समय: २०८० भदौ २घ गते, शनिबार, दिउँसो १:०० बजे शुरू हुने
छ. अन्तरवार्ता संचालन हुने केन्दहरू: सम्बन्धित शिक्षालयहरू

## ६. औद्योगिक प्रशिक्षार्थी (ब्उउचभलतष्अभ) ले पाउने सुविधा:

(क) नि:शुल्क अध्ययनको अवसर ।
(ख) खाजा/यातायात खर्च बापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १०० उपलब्ध हुने ।
(ग) बर्षमा एकपटक पोशाकको ब्यबस्था हुने,

सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश

HELVETAS NEPAL